# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang

Ph:- 021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):............................ २०८१/०८/२०

सूचना ॥ सूचना ॥ सूचना ॥

**स्यालो टयुबेल तथा मोटर जडान सम्बन्धमा ।**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०८/२०**

यस कटहरी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश शर्सत अनुदान र कटहरी गाउँपालिका कृषि विकाश शाखा तर्फको स्यालो ट्युबेल तथा मोटर जडान कार्यको लागी कृषकहरुको २५ प्रतिशत लागत सहभागितामा कम्तीमा ३ हेक्टर क्षेत्रफलमा सिचाई गर्ने प्रयोजनको लागी स्यालो टयुबेल तथा मोटर जडान कार्यक्रम रहेको हुनाले स्यालो ट्युबेल जडान गरिने स्थानमा बिद्युतको आपुर्ति भएको ईच्छुक कृषक , कृषक समुह तथा कृषि फर्म र कृषि सहकारी संस्थाहरुबाट सूचना प्रकासन भएको मितिले ३० दिन भित्र वा मिति २०८१/०८/२० गते देखी मिति २०८१/०९/२० गते भित्र तोकिएको कागजात सहित यस कटहरी गाउँपालिकाको कृषि विकास शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सरोकारवालाहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

**<u>आबेदनका साथ संलग्न राख्नुपर्ने कागजातहरु</u> :**

१.निवेदनको साथ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२.निवेदकको नागरिकता वा परिचयपत्र खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

३.PAN तथा करचुक्ताको प्रतिलिपि ।

४. कृषक/ कृषक समुह/ कृषि सहकारी/ कृषि फर्महरुको हकमा स्यालो टयुबेल तथा मोटर जडान गर्ने भनी बसेको बैठकको निर्णयको प्रतिलिपि र सम्पुर्ण सदस्यहरुको नागरिकता तथा जग्गा धनिपुर्जाको प्रतिलिपी ।

५.स्यालो टयुवेल जडान गर्ने जग्गाको धनिपुर्जाको फोटोकपि तथा मालपोत तिरेको रसिद ।

८१/०८/२०
**प्रशासकीय अधिकृत**


Website:- kataharimun.gov.np / facebook.www.facebook.com/kataharimun
email:- ito.kataharimun@gmail.com, kataharigaupalika@gmail.com, info@kataharimun.gov.np

CamScanner

# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Ph:- 021-404100

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):............................
२०८१/०८/२०

६. विगत २ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/ कृषि निर्देशनालय/ कृषि ज्ञान केन्द्र तथा स्थानिय तहबाट कुनै पनि अनुदान नलिएको हुनुपर्नेछ र साथमा अनुदान नलिएको स्वघोषणा पत्र ।

७. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि ।

८. यस कार्यालयबाट स्विकृत भएको इष्टिमेट (७० फिट) मा उल्लेख भएको सतह भन्दा बढी पाईप एवं गडान कार्य गर्नु परेमा थप लागत वापत हुन आउने रकमको २५ प्रतिशत सम्बन्धित लाभग्राहीहरुले स्वयम खर्च ब्यहोर्नु पर्नेछ ।

नोट : स्यालो ट्युवेल गडान गर्दा ७० पिट सम्मको लागतमा किसानले २५ प्रतिशत ब्यहोर्नुपर्ने र ७० फिट भन्दा वढी गडान भएको सो को थप लागत वापत हुन आउने रकमको लागत सम्बन्धित किसानले ब्यहोर्नु पर्नेछ ।

८१/०८/२०

जानकी प्रसाद अधिकारी
प्रशासकीय अधिकृत
प्रशासकिय अधिकृत

बोधार्थ : श्री सूचना प्रविधि शाखा कार्यालयको Website मा Upload गरि दिन हुन साथै सबै वडा कार्यालयहरुमा सम्प्रेषण गरिदिन हुन ।



CamScanner